# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं वैशाख १४ गते २०२२ साल

श्री ५ को सरकार

### निर्माण, सञ्चार तथा यातायात मन्त्रालयको

### सूचना

यस मन्त्रालयका से. अ. श्री दानबहादुर जोशी कायम मुकायम उप–सचिव मुकररभ खालि रहन आएको से. अ. पदमा निजामती सेवा नियमावली ०१३ (संशोधनसहित) को परिच्छेद ८ को नियम २ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी तल सहिछाप गर्ने अधिकारीले मिति ०२१।१२।९ देखि यस मन्त्रालयका ना. सु. श्री प्रद्युम्नमणि आ. दी. लाई कायम मुकायम मुकरर गरेको छ ।

प्रद्युम्नलाल राजभण्डारी,
श्री ५ को सरकारको सचिव ।



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## निर्माण, सञ्चार तथा यातायात मन्त्रालयको

### सचना

यस मन्त्रालयका सचिव श्री प्रद्युम्नलाल राजभण्डारी बिदामा बस्नुभएकोले सो पदमा निजामती सेवा नियमावली २०१३ ( संशोधनहरू सहित ) को परिच्छेद ८ को नियम २ को खण्ड (क) बमोजिम मिति २०२१।६।२० देखि मिति २०२१।७।१२ तक यसै मन्त्रालयका सह-सचिव श्री सुरेन्द्रराज शर्माले कायम मुकायम भई काम गर्नुभएको छ।

आज्ञाले–
प्रद्युम्नलाल राजभण्डारी,
श्री ५ को सरकारको सचिव।

श्री ५ को सरकार

## निर्माण, संचार तथा यातायात मन्त्रालयको

### सूचना

यातायात विभागलाई हवाई विभाग नाम करण गरी सो विभागको चीफइन्जिनियर पदलाई डाइरेक्टर पद गर्ने श्री ५ को सरकारले मिति २०२१।११।२५ मा निर्णय गरेको छ।

आज्ञाले–
प्रद्युम्नलाल राजभण्डारी,
श्री ५ को सरकारको सचिव।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।